# नागरिक समाजको तर्फबाट बेचबिखन तथा ओसार पसार

— अधिवक्ता सपना प्रधान मल्ल

निश्चय पनि मानव बेचबिखन तथा ओसार पसार मानव विरुद्धको गम्भीर अपराध हो भने सरकारले मान्यता दिई विशेष मिति समेत नल्याएको पनि होइन । दशौंयोजनाले पनि यो विषयलाई उठान नगरेको होइन । विशेष कानून पनि नबनेको होइन । मानव अधिकार सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दस्तावेजमा पनि प्रतिबद्धता नजनाएको होइन । तर प्रश्न अधिकारवादी दृष्टिकोणले यो समस्याको समाधान गर्ने क्रममा रोकथाम, अभियोजन वा बेचिएका व्यक्तिको संरक्षणको कानूनी दायित्व कस्को हो त ?

राज्यको ? वा नागरिक समाजको ? निश्चय पनि राज्य एक्लैले कतिपय समस्या समाधान गर्दा एक्लै गर्न सक्दैन, नागरिक समाजको साझेदारी चाहिन्छ भन्छौं । तर हुन त यो कुरा व्यवहारमा कत्तिको लागू गर्छौं तपाई हामी सबैलाई थाहा छ । तर गर्व लाग्दछ, यो अपराध नियन्त्रण गर्न नागरिक समाजले खेलेको भूमिकाको कारणले । चाहे रोकथामको लागि जागरणको कार्यक्रम किन नहोस्, कारक तत्वलाई निराकरण गर्ने शिप विकास, आर्थिक सशक्तिकरणका माध्यम नै किन नहोस्, नाकामा बसेर निरीक्षण गर्ने काम नै किन नहोस्, बेचिएका चेलिबेटीलाई उद्दारको लागि फर्काएर ल्याउनको लागि, मुद्दा चलाउनको लागि, अभियुक्त पत्ता लगाउन र समात्नको लागि, पुनर्स्थापनाको लागि र त्यति मात्र नभईकन दक्षता विकासको लागि पनि गैरसरकारी क्षेत्रहरु नै कार्यरत छन् । माइती नेपाल जस्तो एउटा संस्थाले सम्पूर्ण खालको क्रियाकलापहरु गरिरहेको छ । त के यो प्रक्रियामा राज्यको कुनै संलग्नताको आवश्यकता छैन ? के राज्यको संलग्नता भनेको मुद्दा दर्ता गर्नु, उठान गर्नु, निर्णय गर्नु मात्र हो ? आज किन मुद्दा हुँदैनन् ? आज किन मुद्दा दर्ता भए तापनि असर पर्ने पक्ष होस्टाइल हुन्छन् । किन सफलताको प्रतिशत ३५ भन्दा माथि उठ्न सकेको छैन ? किन न्यूनतम सजाय हुन्छ ? अनि के राज्यको दायित्व भनेको बेचिएको अपराधमा अपराधीलाई

दण्ड मात्र गर्नु हो त ? पीडित पक्षको लागि हामीले कस्तो दायित्व बहन गरेका छौं ?

प्रहरी आफैले अपराधको बारेमा थाहा भएमा सो जानकारी अनुसार मुद्दा उठान गर्ने दायित्व उसमा छैन र ? किन न्यायको खोजीमा आउने महिलालाई त भन्छौं ? के समानता र आत्मसम्मानका साथ व्यवहार पाउने अधिकार उसको छैन ? पीडित हुना साथ असन्तुलिन शक्ति संरचनामै पर्नुपर्ने ? अनि प्रमाण जुटाउने काम कस्को हो ? पीडितको कि प्रहरीको ?

अझ पनि बयान प्रमाणितै गर्नुपर्ने ? दसी प्रमाण राखेर मुद्दा दर्ता गर्नुपर्ने, प्रमाणित बयानलाई पुनः बयान गर्न उपस्थित हुनुपर्ने, खुला इजलाशमा एकातिर मुद्दाको बहस हुन्छ, अर्कोतिर महिलालाई राखेर बयान लिइन्छ के बन्द इजलाश ती महिलाको अधिकार होइन ? अनि प्रश्न सोधिन्छ कसरी बेचियो ? कसरी यौन शोषण भयो ? कोठीबाट फर्किएर आएको बेश्या स्वास्नी मानिस भन्न पछि पर्दैनौं । पैसा मिले प्रमाण लुकाउन पनि पछि पर्दैनौं ।
होस्टायल बनाएर मुद्दा कमजोर भएको पनि टुलुटुलु हेर्छौं ।

अनि कानून स्वयं पनि बेचबिखन तथा ओसार पसारलाई बेश्यावृत्तिको लागि बाहेक भन्ने सोचबाट बाहिर निस्कन सकेको छैन । त्यो पनि नैतिक अवधारणा अन्तर्गत नैतिकता संरक्षण गर्नुपर्ने दायित्व महिलालाई नै दिएर अनि महिला बेचबिखन तथा ओसार पसार जस्तो संवेदनशील अपराधलाई नैतिक मान्यता मूल्यसँग गाँसेर कमजोर मुद्दा बनाउँदछौं ।

कानूनले अहिलेसम्म खरिद गर्ने कार्यलाई अपराधको दायरा भित्र समेट्न नसक्नु, सुपर्दगी सन्धिको सूची भित्र बेचबिखन नपर्नु, सजायमा अत्यन्त स्वविवेकीय अधिकार हुनु, नजिकको नातेदार भएमा प्रमाणको भार प्रतिवादीमा नसर्नु, पीडितको सुरक्षाको लागि वा साक्षीको सुरक्षाको लागि कुनै कानूनी व्यवस्था

नहुनु, पीडा वापतको क्षतिपूर्तिको व्यवस्था नहुनु, बेश्यावृत्ति र बेचबिखनलाई छुट्याएर हेर्न नसक्नु, पुनरावेदनमा पीडितको कुनै प्रतिनिधित्व नहुनु, पीडित पक्षको रुपमा अगाडि आउन नसक्नु थुप्रै थुप्रै कानूनी समस्या छन् ।

गैरसरकारी क्षेत्रबाट उठाइएका सबै विषयलाई समेटेर सदनमा प्रस्तावहरु समेत आइसकेको अवस्थामा अगाडि बढेको विधेयक निस्कृय हुनु थुप्रै समस्याहरु छन् ।

यूएन प्रोटोकलको अनुमोदन नहुनु, बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेखमा हस्ताक्षर भए तापनि अनुमोदन नहुनु, अनुमोदन भएको सार्क महासन्धिको कार्यान्वयनको लागि कुनै प्रयासहरु नहुनु जस्ता थुप्रै समस्या पनि छन् ।

सीडा कमिटीको निष्कर्ष सुझावले कानून पुनरावलोकन गर्नुपर्ने, अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कानून निर्माण गर्नुपर्ने जस्ता सुझाव समेत कार्यान्वयन नभएको स्थिति छ ।

बेचिएर आएका महिलाहरुको बच्चाको नागरिकताको सवालमा मौनता, गर्भपतनको विशेष अधिकारको व्यवस्था नहुनु जस्ता कानूनी समस्या पनि हाम्रै अगाडि छन् ।

अझ कतिपय त फर्किएर आए पछि त एचआईभी लागेर वा नलागेर पनि लान्छित र विभेदित जीवन बाँच्न विवश भएका छन् ।

यस स्थितिमा नेपाल अमेरिकीन मापदण्ड अनुसार आज टायर १ मा परेको भनेर हामी जति गर्व गर्छौं त्यति नै गाह्रो त्यो मापदण्डलाई संरक्षण गर्नु रहेको छ । जसको लागि उचित कानून, न्यायमा महिलाको पहुँच, सामाजिक, आर्थिक तथा कानूनी न्यायको अधिकारको संरक्षणको आवश्यकता छ ।

जतिसुकै कुरा गरे पनि जबसम्म देशमा कानूनको शासन रहन्न व्यक्तिको नागरिक, सामाजिक, आर्थिक तथा राजनैतिक अधिकारको संरक्षण हुँदैन । तबसम्म यो अपराध फैलि नै रहनेछ । कहिलेसम्म मानव बेचबिखन नाफाको व्यापार भएको हेरिरहने ? त्यसैले नैतिक अवधारणाबाट, अपराध नियन्त्रण गर्ने सोचबाट, गैरकानूनी आप्रवासन हो भने आप्रवासनलाई नै नियन्त्रित गर्ने साचेबाट, श्रम अवधारणा हो भने यौन कार्यलाई कानूनी मान्यता दिने सोचबाट उन्मुक्ति पाई अधिकारवादी सोचबाट बेचबिखन तथा ओसारको रोकथाम, अभियोजन र पीडितहरुको संरक्षण कहिले गर्ने ?

यो आर्थिक विषयसँग गाँसिएको मुद्दा हो, लैङ्गिक असुन्तलिन शक्ति संरचनाको मुद्दा हो । यो स्वास्थ्य र जीवनसँग गाँसिएको प्रश्न हो । यो कानूनी प्रश्न पनि हो भने यो मानव अधिकारको उल्लंघनको गम्भीर विषय पनि हो । जुन राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि भइरहेको छ । यस स्थितिमा बुद्धको देश, ऋषिमुनिको तपोभुमि, हिमालय नै हिमालयको देश, बेचबिखनको देश पनि भनी कहिलेसम्म कहलाउने ? लडौं, बेचबिखनको विरुद्धमा, महिला विरुद्ध हुने हिंसाको विरुद्धमा, नागरिक समाज साथमा छ, तपाईको लैङ्गिक न्यायको प्रतिबद्धता ।